# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बिहुँकोट, बागलुङ

गण्डकी प्रदेश नेपाल

मितिः २०७६/१२/१६

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको COVID-19 को रोकथाम र नियन्त्रणमा उच्च सतर्कता अपनाई आवश्यक तयारी गर्न रोकथाम गर्न तथा नियन्त्रण गर्न यस काठेखोला गाउँपलिका गाउँकार्यपालिकाको मिति २०७६/१२/१५ गतेको दिन अनलाईन मार्फत बसेको बैठकमा विभिन्न एजेन्डाहरुमा छलफल भई देहाय बमोजिमको निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारिका लागी अनुरोध छ।

१. आ.व. २०७६/७७ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत चालु (शिर्षकमा) अध्ययन अवलोकन भ्रमणका लागि विनियोजित रकम ८ लाख र विपद व्यवस्थापन शिर्षकबाट रु २ लाख गरी जम्मा १० लाखको कोरोना रोग (COVID 19)को रोकथाम र व्यवस्थापन कोष स्थापन गर्ने र उक्त कोषमा अन्य संध-संस्था, व्यक्तिहरुमापनि सहयोगका लागि आग्रह गरी उक्त रकम समेत जम्मा हुने गरी गाउँपालिकाको नाममा एक चल्ति खाता खोल्ने र प्रमुख प्रशासकिय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखापालबाट खाता संचालन गर्ने । उक्त कोषको रकमबाट कोरोना रोकथामका लागि आवश्यक पर्ने औषधि उपकरण, लकडाउनका कारण प्रभाव पार्ने श्रमिक वर्गमा खाद्यान्न तथा राहत वितरण , कोरोना रोगबाट प्रभावित व्यक्ति वा परिवारका लागि राहत वितरण गर्ने निर्णय गरियो ।

२. सम्पुर्ण काठेखोलावासीलाई लकडाउन तथा निषेधाज्ञाको पुर्ण पालना गर्न देहाय बमोजिम गर्ने , गराउने ।

   क. उक्त अबधिभर आपसी भेटघाट, भोजभतेर ,खेलकुद, सामुहिक कामकाज (सामुहिक मेलापात,पर्म, हुद्दा समेत ) ,सामुहिक मनोरञ्जन लगायतका कार्य नगर्ने नगराउने , यी कार्य गर्ने गराउनेलाई कानुन बमोजिम कारवाही गर्ने गराउने

   ख. पासबिनाका सवारी साधनलाई पुर्ण रुपमा निशेध गर्ने गराउने।

   ग. अत्यावश्यक कामका लागी सम्बन्धित वडाको जनप्रतिनिधि , स्वास्थ्यकर्मी तथा कर्मचारीहरुविच आपसी समन्वयमा काम गर्ने ।

   घ. विदेशबाट हालै फर्किएका व्यक्तिहरुलाई अनिवार्य होम क्वारेन्टाईन राख्ने र सो कार्यको अनुगमन सम्बन्धित वडाको जनप्रतिनिधि , कर्मचारी एवं स्वास्थ्यकर्मीले गर्ने।

   ङ. प्रत्येक वडामा कम्तिमा ६ वेडको क्वारेन्टाईन निर्माण गर्ने।

३. COVID-19 को पहिचान तथा रोकथामका लागी अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मी एवं कर्मचारीहरुको स्वास्थ्य सुरक्षाका सामाग्रीहरु मास्क , सेनिटाईजर , पिपिई, ग्लोव्स ,थर्मल गन लगायतका सामाग्रीहरु उक्त कोरोना रोकथाम तथा व्यवस्थापन कोषबाट खर्च व्यहोर्ने गरी खरिद प्रकृया अधि बढाउने र यस सम्बन्धी सम्पुर्ण कार्य गर्नका लागि गाउँपालिकाको कार्यालयलाई जिम्मा दिने साथै उक्त कार्यमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता समेत उपलब्ध गराउने निर्णय गरियो।

४. वर्तमान लकडाउनको समयमा कार्यपालिका सदस्यहरुलाई एकै ठाउँमा भेला गराई निर्णय गर्न संभव नभएकोले अनलाईनमा बैठक बसी आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरीयो ।

५. लकडाउनको समय देखि ज्यालादारीमा काम गरि गुजारा गर्ने परिवारहरु काम गर्न नपाएपछि मर्कामा परेकोले त्यस्ता परिवारलाई दैनिक हातमुख जोर्ने समस्याको समाधान गर्न । त्यस्ता परिवारको वडा स्तरबाट पहिचान गरी गाउँपालिकाले व्यहोर्ने गरी १ वोरा चामल र ३ केजि दाल वितरण गर्ने र यस कार्यलाई वडा कार्यालयले व्यवस्थापन गरी गर्ने साथै यस अघि बिभिन्न वडामा भएको राहत वितरणलाई पनि अनुमोदन गर्ने निर्णय गरियो।

खिम बहादुर वि.क.
प्रमुख प्रशासकीय अधिकृत